# <u>रामपुर नगरपालिकाबाट आ.व २०८०/८१ मा सम्पन्न भएका योजना तथा कार्यक्रम</u>

रामपुर नगरपालिकाको समुचित विकास र समुन्नतीका लागि आर्थिक वर्ष २०८०/०८१ मा रामपुर नगरपालिकाको कार्यालयले विभिन्न योजना सम्पन्न भएको छ । नगरको आर्थिक समाजिक शैक्षिक र भौतिक विकासका लागि यो आर्थिक वर्षमा सञ्चालन गरेका योजनाहरु सफलतापूर्वक सम्पन्न भएका छन् । नगरबासीको आवश्यकतालाई केन्द्रमा राखेर नागरिकको हितका लागि शिक्षा,स्वास्थ्य,पर्यटन,कृषि,पशुपालन,युवा तथा रोजगार सिर्जनाका लागि सिपमूलक तालिम,सडक तथा भौतिक पूर्वाधार निर्माण लगाएतका योजना तथा कार्यक्रम यो आर्थिक वर्षमा सम्पन्न गरिएको छ ।

१. कालिगण्डकी नदीको धार्मिक महत्वलाई थप उजागर गर्न कालिगण्डकी नदी किनारमा पैदलमार्ग निर्माणको थालनी गरिएको छ । रामनदी धाम देखि देवघाट सम्म पैदल मार्ग बनाउने उद्देश्यले रामपुर नगरपालिका क्षेत्रमा पर्ने कालिगण्डकी नदी किनारको ४२ किलोमिटर मध्ये १६ किलोमिटर ट्रयाक खोलिएको छ । १ करोड २० लाख रुपैयाँको लागतमा पैदलमार्ग निर्माणको काम शुरु गरिएको हो । पहिलो चरणमा वडा नं.१ देखि १० सम्मका विभिन्न स्थानमा पैदल मार्गको ट्रयाक खोलिएको छ ।



२. रामपुर अस्पतालमा मृगौला पिडित विरामीहरुका लागि डायलसिस गर्न मेसिन व्यवस्थापनका लागि



आवश्यक आर्थिक सहयोग तथा समन्वय गरिएको छ । नगरबासीको मात्र नभइ समग्र यस क्षेत्रका मृगौला पिडितहरुलाई सहज रुपमा घर आँगनमै लायलसिस सेवा प्रदान गर्न रामपुर अस्पतालमा मेसिन जडान तथा व्यवस्थापनका लागि १० लाख रुपैयाँ बजेट विनियोजन गरि डायलसिस उपकरण ल्याईएको छ ।यही आर्थिक वर्षबाट मृगौलाको डायलसिस गर्ने सेवा प्रदान गर्दै आएको छ ।५ वटा डायलसिस मेसिन जडान गरी नियमित डायलसिस हुँदै आएको छ । यसले नगरपालिका भित्र र यस आसपासका जिल्ला संगै पालिकाका मृगौला रोगी विरामीहरुलाई राहत मिलेको छ ।

३. रामपुर नगरपालिकाको वडा नं.५ , ६ र ७ का अव्यवस्थित जग्गाधनीहरुलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गरि उक्त जग्गाको श्रेस्ता कायम गरिएको छ । तिन चरणमा गरि वितरण गरेको जग्गाधनी




प्रमाण पुर्जा यो आर्थिक वर्षमा ८७ जनालाई वितरण गरिएको छ । यो संगै ७ सय ३ जना जग्गाधनीहरुलाई जग्गाको मालपोत कार्यालय रामपुरमा श्रेस्ता कामय गरिएको छ । यसका लागि रामपुर नगरपालिकाले मालपोत कार्यालय संग समन्यव गरेको छ भने रामपुर नगरपालिकाले ५ लाख रुपैयाँ बजेट विनियोजन गरि मालपोत कार्यालयको व्यवस्थापन समेत गरेको छ ।

४. नगरबासीको स्वच्छ र तन्दुरुस्त जीवनका लागि खुल्ला व्यायमशाला निर्माण शुरु गरिएको छ । यो आर्थिक वर्षमा वडा नं.६ को बुद्धपार्कमा ३ लाख रुपैयाँ बराबरको लागतमा खुल्ला व्यायमशाला निर्माण गरेको छ ।जहाँ बालबालिका देखि हरेक उमेर समूहका नागरिकले आफ्नो चहाना अनुसार चाहेको र उपयुक्त समयमा कसरत गर्न मिल्ने व्यवस्था गरिएको छ । स्वास्थ्यलाई मध्यनजर गर्दै निर्माण गरिएको व्यायमशाला नगरका सबै वडामा एक वडा एक व्यायमशाला र पार्कको अवधारणालाई आगामी वर्षहरुमा पनि निरन्तरता दिदै जाने छ ।



५. रामपुर नगरपालिकाले यो आर्थिक वर्षबाट नगरका आधारभूत तह देखि माथिका विद्यालयमा बुक फ्रि फ्राईडे कार्यक्रम लागु गरेको छ । जस अन्तर्गत विद्यार्थीहरुले हरेक शुक्रबार किताबी ज्ञान बाहेक बाहिरी ज्ञान सिप सिक्ने गर्छन् ।यसमा विद्यार्थीहरुले हस्तकलाका सामग्री निर्माण,विभिन्न कला संस्कृति सम्बन्धी व्यवहारिक ज्ञान सिप सिक्ने अवसरमा पाएका छन् ।यो कार्यक्रमले रितिरिवाज रहन सहन र संस्कृतिको संरक्षणका लागि प्रभावकारी भएको छ ।



६. रामपुर नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट प्रवाह हुने सेवालाई सहज र सरल बनाउनका लागि वडा कार्यालयको ३ वटा प्रशासनीक भवनहरु निर्माण गरिएको छ । वडा नं.३ को





बगाहा , वडा नं. ७ को विरेन्द्रटार आदर्शनगर र वडा नं.८ को कुमराङमा ३३ /३३ लाख रुपैयाँ लागतमा पक्की भवन निर्माण सम्पन्न गरिएको छ ।



७. बालमैत्री नगर घोषणाका लागि बलमैत्री स्थानीय



शासन अबलम्बन कार्यक्रम शुरु गरिएको छ ।यसका लागि १० लाख रुपैयाँ बजेट विनियोजन गरि वडा नं.२ बाट कार्यक्रमको थालनी गरिएको छ । नगरपालिकालाई आगमी २०८३ साल मंसिर ५ गते बालमैत्री नगर घोषणा गर्ने लक्ष्य लिएको छ ।

८. यो आर्थिक वर्षमा नगरपालिकाले नयाँ पर्यटकीय गन्तव्यको निर्माण तथा पर्यटनको विकासमा विभिन्न योजनाहरु सम्पन्न गरेको छ ।वडा नं.२ को बाँदर कुनालाई नयाँ पर्यटकीय क्षेत्रको रुपमा विकास गरिएको छ । उक्त स्थानमा बाँदरको शालिक निर्माण तथा कम्पाउण्ड निर्माण गरि बस्ने वेन्च निर्माण गरिएको छ । नगरपालिकाले यसका लागि १० लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो ।






यस्तै वडा नं.१ मा रहेको छाँदी झरनामा स्विमिङ पुल तथा ट्रष्ट भवन निर्माण गरि थप आकर्षक बनाइएको छ । भने वडा नं. ८ मा रहेको धार्मिक महत्व बोकेको सिद्धबाबाधाम सिद्धबाबा मन्दिरमा १५ लाख रुपैयाँको लागतमा पार्क निर्माण तथा कम्पाउण्ड निर्माण गरि सो क्षेत्रलाई व्यवस्थित र आकर्षक बनाइएको छ । यसैगरी वडा नं.१० को कोप्चेघाटमा १० लाख रुपैयाँको लागतमा शालिकराम पार्क निर्माण गरिएको छ ।



९. नगरपालिका भित्रको सडक सञ्जाल विस्तार र सहज यातायात सुविधाका लागि नयाँ सडक विस्तार ,ग्रावेल तथा स्तरोन्नती, कालोपत्रे योजना यो आर्थिक वर्षमा सम्पन्न भएका छन् । जसमध्ये वडा नं.



२ को खात्री खोला देखि वडा कार्यालय जोड्ने ६० लाखको लागतमा करिब ३ सय ८६ मिटर सडक कालोपत्रे, ४० लाखको लागतमा वडा नं.४ को सदावर्तचोक ,मिलनटोल,चापखोरी,करिडोर,वडा कार्यालय, देखि उत्तर पश्चिम दक्षिण करिव ४ सय मिटर मोटरबाटो कालोपत्रे,वडा नं.५ मा ६० लाखको लागतमा ३ सय ६६ मिटर नमुना मार्ग हुँदै करिडोर सम्म कालोपत्रे , २० लाखको लागतमा उन्नतीपथ तथा गोदाम चैपारी



कालोपत्रे(१सय ५० मिटर), ६० लाख रुपैयाँको लागतमा वडा नं.६ को बुल्टार हुँदै प्यकलुक जाने ४ सय ३७ मिटर मोटरबाटो कालोपत्रे



योजना,वडा नं.७ मा २० लाख रुपैयाँ बजेट मार्फत वोर्डिङ मार्ग नालि सहित कालोपत्रे योजना १ सय ४३ मिटर र वडा नं.८ मा ४० लाख रुपैयाँको लागतमा दरैआँप,अमिली फेद रातमाटा हुँदै जिरो जोड्ने मोटरबाटो कालोपत्रे योजना सम्पन्न गरेको छ । यो आर्थिक वर्षमा नगरपालिका भित्र १ हजार ८ सय ३४ मिटर ७ वटा सडक कालोपत्रे योजना सम्पन्न भएको छ ।

१०.	खेलकुदको विकासका लागि मेयर कप सञ्चालन लगाएत विभिन्न क्लव संगको सहकार्यमा विविध कार्यक्रम सम्पन्न गरेको छ भने खेल क्षेत्रको प्रवर्द्धनका लागि नगरपालिका भित्र हुने विभिन्न खेलकुद प्रतियोगिता सम्पन्न गर्न आर्थिक सहयोग प्रदान गरिएको छ । साथै रामपुर नगरपालिका वडा नं.५ को वेझाँड र वडा नं. ७ को कठानमा सुविधा सम्पन्न २ वटा कवर्ड हल निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको छ । जहाँ जुनसुकै समयमा निरन्तर रुपमा व्याडमिन्टन खेल खेल्न सहज भएको छ । साथै लुम्बिनी प्रदेशमै पहिलो पटक पहाडी जिल्लामा प्रदेश स्तरीय महिला भलिबल प्रतियोगिता लुम्बिनी कप २०८० नगरपालिकाको विषेश संरक्षणमा सम्पन्न गरिएको छ ।





११.	नगरपालिका भित्रका युवाहरुलाई उद्यमशील बनाई स्वरोजगार बनाउनका लागि युवा स्वरोजगार कार्यक्रम अन्तर्गत व्याज अनुदान दिईएको छ । नगरपालिका भित्र कृषि तथा पशु उद्यम गर्ने युवाहरुलाई ५ लाख रुपैयाँ देखि ३० लाख रुपैयाँ सम्मको बैंकको व्याज तिरेको छ । जस अन्तर्गत यो आर्थिक वर्षमा १९ जना कृषक तथा पशुपालक








युवा उद्यमीहरुले उद्यम व्यवसाय सञ्चालनका लागि विभिन्न बैंकबाट लिएको ऋणको २२ लाख ५१ हजार ४ सय ८५ रुपैयाँ बराबरको व्याज अनुदान दिएको छ । व्याज अनुदानले कृषकहरुलाई पेशा तर्फ उत्साह थप्नुका साथै कृषि तथा पशुपालन क्षेत्रमा आकर्षण बढाई स्वरोजगार र आत्मनिर्भर बनाउन टेवा पुगेको छ ।

१२. कृषकहरुलाई विभिन्न तेलहन तथा तरकारी वीउ विजन ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ । जस अन्तर्गत रामपुर नगरपालिकाको पोलीहाउसमा विभिन्न तरकारीका वेर्ना उत्पादन गरि ५ सय ७ जना कृषकहरुलाई वितरण गरिएको छ । भने ५० प्रतिशत अनुदानमा ३ लाख २८ हजार ९ सय १० रुपैयाँ बराबरको लहरे तरकारीको वीउविजन, ७ लाख ५० हजार रुपैयाँ बराबरको खाद्यान्न बालीको उन्नत वीउ , ५० प्रतिशत खाद्यान्न बालीको उन्नत वीउ उपयोगमा अनुदान अन्तर्गत ३ लाख ४७ हजार ७ सय ७६ रुपैयाँ बराबरको उन्नत गहुँको वीउ वितरण गरिएको छ । यस्तै ५० प्रतिशत अनुदानमा २ लाख २० हजार रुपैयाँ बराबरको कृषि सामग्री ६९ जना कृषकहरुलाई वितरण गरिएको छ ।



१३. नागरिकको सेवा सहजताका लागि वडा कार्यालयबाटै सामिजक सुरक्षा भत्ता वितरण,वडा कार्यालयबाटै राजश्व संकलन यसै आर्थिक वर्षबाट शुरुवात गरिएको छ । यो आर्थिक वर्षबाट वडा नं.१ ,९ र १० का ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति,एकल महिला ,असहाय असक्त नागरिकहरुलाई कृषि विकास बैंक संगको सहकार्यमा वडा कार्यालय र टोलबाटै सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।



१४. नागरिकको आयस्तर वृद्धिका लागि विभिन्न आयमूलक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । वडा नं.२ को ठुलोपाखो सामुदायीक वनमा ४ लाख रुपैयाँको लागतमा ९ हजार कुरिलोको विरुवा रोपण गरिएको छ । यसबाट साबुन उत्पादनका लागि कच्चा पदार्थ आपूर्तिमा सहज हुने भएको छ । वडा नं.२ का महिला दिदिबहिनीहरुले व्यवसायीक रुपमा सञ्चालन गरेको साबुन उत्पादनका लागी यसले सघाउ पुग्ने छ । यस्तै ४० जना महिला दिदीबहिनीहरुलाई प्राकृतिक रेशाजन्य वनस्पतीको पोस्करबाट हस्तकलाका विभिन्न सामग्री बनाउने तालिम प्रदान गरिएको छ । भने व्यवसाय सञ्चालनका लागि उद्यमशीलता तथा वित्तीय साक्षरता सम्बन्धी तालिम समेत प्रदान गरिएको छ । उद्यम विकास कार्यक्रम अन्तर्गत वडा नं.१ मा ८ जना महिला दिदिबहिनीहरुलाई ३ महिने सिलाई कटाइ तालिम र १० जना महिला दिदिबहिनीहरुलाई दालमोठ बनाउने तालिम प्रदान गरिएको छ ।




१५. नगरबासीको सहज रुपमा स्वच्छ खानेपानी उपभोग गर्न पाउने अधिकारलाई सुनिश्चित गर्न खानेपानीका विभिन्न योजनाहरु सम्पन्न गरि सञ्चालन गरेको छ । नगरबासीको आवश्यकतालाई प्राथमिकताका आधारमा खानेपानीका साना तथा ठुला योजना एवं पाइप खरिदका लागि आर्थिक सहयोग गरेको छ । वडा नं.३ मा ३ लाख रुपैयाँको लामटाङ गैलुक खानेपानी योजना,वडा नं.४ मा १३ लाख रुपैयाँको लागतमा मौलाथर टुभाक खानेपानी लिफ्टिङ योजना, वडा नं.८ मा १९ लाख रुपैयाँको लागतमा कोल्टार दित बस्ती लिफ्टिङ खानेपानी योजना ,वडा नं.१० मा ५ लाख रुपैयाँ लागतमा तिमिल्सिना टोल खानेपानी व्यवस्थापन योजना सम्पन्न गरिएको छ भने रामपुर साना सहरी खानेपानी संगको साझेदारीमा टंकी निर्माणका लागि १५ लाख रुपैयाँ प्रदान गरिएको छ ।



१६. नगरपालिका भित्रका विभिन्न संघ संस्था ,क्लव,समुह ,विद्यालय तथा अन्य सार्वजनिक प्रयोजनका लागि ट्रष्ट तथा भवन निर्माण गरिएको छ । वडा नं.४ को वडभान घाटमा २ लाख रुपैयाँ र स्थानीयको



लागत सहभागितमा दाहसंस्कारका लागि शवदाहन ट्रष्ट भवन निर्माण गरिएको छ । वडा नं.५ को वेझाँडमा ५ लाख रुपैयाँ लागतमा अधुरो अपाङ्ग तथा ज्येष्ठ नागरिक भवन निर्माण सम्पन्न गरिएको छ । यस्तै वडा नं.५ कै नहर अफिसमा नगरपालिकाको १५ लाख रुपैयाँ र उद्योग वाणिज्य संघ रामपुर पाल्पाको साझेदारीमा भवन निर्माण सम्पन्न गरिएको छ । नमुना विद्यालय कार्यक्रम अन्तर्गत वडा नं.६ को दरैठाँटी माविमा ५० लाख रुपैयाँ लागतमा विद्यालय भवन निर्माण गरिएको छ । वडा नं.९ मा ३ लाख रुपैयाँ बजेट र जनसहभागितामा सेटीडाँडा आँप खरक लालीगुराँस आमा समुह भवन निर्माण र वडा नं.१० को राहुडाँडामा सुपारी आँप आमा समुहको भवन निर्माण र नर्मदेश्वर महादेव मन्दिर





सुर्यगौंडामा ४ लाख रुपैयाँको लागतमा ट्रष्ट भवन निर्माण गरिएको छ । यस्तै रामघाट मन्दिर तथा पार्क संरक्षण को १० लाख रुपैयाँ बजेट मार्फत अधुरो भवन निर्माण र पार्क व्यवस्थापन गरिएको छ। यसरी यो आर्थिक वर्षमा ८ वटा ट्रष्ट तथा भवन निर्माण सम्पन्न भएको छ ।

१७.	नगरपालिकालाई खरको छानोरहित नगर बनाउनका लागि अभियान सञ्चालन गरेको



नगरपालिकाले खरको छानो भएका घर परिवारलाई जस्तापाता वितरण गरेको छ । नगरपालिकाले यो आर्थिक वर्षमा १० घरपरिवारलाई १ सय ७८ पाता ८ फुटे जस्तापाता वितरण गरेको छ ।

१८.	नगरपालिको मुख्य बजार क्षेत्र तथा चोकहरुमा सिसिटिभी क्यामेरा जडान गरेको छ ।



आपराधिक क्रियाकलाप नियन्त्रण गर्न नगरले प्रहरी संगको समन्वयमा पाँच स्थानमा सिसिटिभी क्यामेरा जडान गरेको छ। वडा नं. ३ को रजघरा बजार, कालीगण्डकी करिडोर अन्तर्गत वडा नं. ४ को सदावर्त चोक र वडा नं. ६ को कालीआँप चोक र वडा नं. ७ को किसानबारी बजारमा २/२ वटा क्यामेरा जडान गरिएको छ । १० लाख रुपैयाँ लागतमा नगरको मुख्य बजार बेझाँड चोकमा रहेको पुरानो तीन वटा मर्मत संगै एक वटा थप र अन्य चार स्थानमा आठ वटा नयाँ जडान गरिएको छ ।



१९. नगरपालिका भित्रका बालबालिकालाई शिक्षामा पहुँच वृद्धि संगै अविभावकिय भूमिका निर्वाह



गर्दै मेयर छात्रवृत्ति वितरण गरेको छ । जस अन्तर्गत यो आर्थिक वर्षमा १ सय ७६ जना विद्यार्थीहरुलाई अध्ययनका लागि ७ लाख ८ हजार ६ सय रुपैयाँ छात्रवृत्ति प्रदान गरेको छ । यस्तै नगरभित्रका वेसहारा बालबालिकालाई बाल उद्दार कोष मार्फत ३ जना विद्यार्थीहरुलाई २० हजार रुपैयाँ प्रदान गरेको छ ।

२०. विपद् मा परेका नागरिकको राहत र उद्दारका लागि विपद् व्यवस्थापन कोष ,नागरिक आर्थिक सहायता कोष ,बाल उद्दार कोष मार्फत आर्थिक सहायता प्रदान गरिएको छ । आगालागी,बाढी




पहिरो,हावाहुरी, विभिन्न दुर्घटना, विभिन्न रोग लागेका विपन्न नागरिक,असहाय असक्त,अविभावकविहिन बालबालिकालाई अवस्था र प्रकृति अनुसार आर्थिक सहयोग गरिएको छ । यो आर्थिक वर्षमा १ सय २७ जना नागरिकलाई २० लाख ७५ हजार ७ सय ८३ रुपैयाँ आर्थिक सहयोग गरिएको छ भने



दीर्घ रोगीहरुलाई मासिक ५ हजार रुपैयाँ औषधी उपचार खर्च प्रदान गर्दै आएको छ ।

२१.	नगरपालिका भित्रका सामुदायिक कुकुरको स्थायी बन्ध्याकरण गरिएको छ । सामुदायिक कुकुरको व्यवस्थापन र कुकुरका कारण रेविज रोगको जोखिम बढेकाले कुकुरको व्यवस्थापन तथा संख्या न्यूनिकरणका लागि बन्ध्याकरण गरिएको हो । नगरको मुख्य बजार क्षेत्रका १ सय १० वटा सामुदायिक कुकुरको स्थायी बन्ध्याकरण गरी रेविज भ्याक्सिन दिईएको छ । रामपुर नगरपालिकाको ३ लाख रुपैयाँ बजेट मार्फत  कुकुरहरुको बन्ध्याकरण गरिएको हो ।



२२.	वडा नं.७ मा रहेको ज्याग्दी वृहत पार्क र सेट्टार जोड्ने झोलुङ्गे पुल निर्माण गरिएको छ । पर्यटकीय क्षेत्रको रुपमा विकसित भइरहेको ज्याग्दी वृहत पार्कको सौन्दर्यतालाई थप बढाउन र सेट्टारका स्थानीयलाई प्याकुलक आउजाउ गर्न सहज बनाउनका लागि झोलुङ्गे पुल निर्माण सम्पन्न गरेको हो ।



२३. वडा नं.९ का विद्युत उपभोक्ताहरुलाई महशुलमा ५० प्रतिशत छुट अनुदान दिइएको छ । नेपाल विद्युत प्राधिकरण रिङ्नेरह सामुदायिक विद्युत वितरण केन्द्र अन्तर्गतको विद्युत महशुल दर बढि भएकाले वडाबासीहरुलाई राहत स्वरुप ५० अनुदान दिएको हो । यसका लागि १ लाख ९० हजार रुपैयाँ बराबरको रकम अनुदानमा विद्युत उपभोक्ताहरुलाई प्रदान गरिएको छ ।